
# लेखापरीक्षण प्रतिवेदन

# नारायण नगरपालिका, दैलेख

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# नारायण नगरपालिका, दैलेख

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/297

विषयः **लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
नारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियतसहितको राय**

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफिय सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.११ करोड ४६ लाख ४५ हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.३ लाख ८७ हजार, राष्ट्रपति महिला सशक्तिकरण कार्यक्रमको रु.११ लाख ६२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.५४ लाख १३ हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको रु.१४ लाख ८८ हजार र एकिकृत स्वास्थ्य व्यवस्थापन कार्यक्रमको रु.३ लाख समेत रु.१२ करोड ३३ लाख ९५ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.१ अर्ब ३१ करोड ९१ लाख ९९ हजारको लेखापरीक्षण गरिएकोमा रू.३ करोड ८६ लाख ५६ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा प्रतिक्रियाबाट रु.१ करोड ९६ लाख ६ हजार फर्स्यौट भई बाँकी बेरुजु रु.१ करोड ९० लाख ५० हजारमध्ये असुल गर्नुपर्ने रु.६ लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४६ लाख ६४ हजार र नियमित गर्नुपर्ने रु.१ करोड ३७ लाख ५० हजार रहेको छ। गत वर्षसम्म रु.२० करोड ३३ लाख ९६ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष रु.२७ लाख ९१ हजार फर्स्यौट भई हालसम्मको अद्यावधिक बेरुजु

रु.२१ करोड ९६ लाख ५५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नारायण नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नारायण नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७६ | ६४ | ३,८६,५६,३६८ | ० | २१ | १,९६,०५,९७५ | ० | ७६ | ४३ | १,९०,५०,३९३ | ६,३५,९४५ | १,३७,५०,१७८ | ४६,६४,२७२ | ० | ० | १,८४,१४,४४८ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दैलेख | २०,३३,९६,००० | | २७,९१,०२३ | २०,०६,०४,९७७ | ० | १,९०,५०,३९२ | २१,९६,५५,३६९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | | स्यानीटरी प्याड डिस्पोजल मेसिन | १,६६,००० |
| २ | २०८०/८१ | | सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | ६,३९५ |
| ३ | २०८०/८१ | | शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | ७५,००० |
| ४ | २०८०/८१ | | शिक्षकको तलब वढी भुक्तानी | ३८,३९५ |
| ५ | २०८०/८१ | | ल्याण्ड फिल्ड साइट निर्माण | ९४,५१० |
| ६ | २०८०/८१ | | प्रशिक्षक भत्ता | ६,८०० |
| ७ | २०८०/८१ | | नगरभित्र भ्रमण : | ६२,५६० |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०८०/८१ | | खर्च पुष्टयाईको प्रमाणः | २,९१,९०० |
| ९ | २०८०/८१ | | इन्टरनेट जडान | २४,००० |
| १० | २०७९/८० | | प्रदेश विशेष अनुदानः | ३३,६०० |
| ११ | २०७९/८० | | जिन्सी दाखिला : | २६,२८,९९७ |
| १२ | २०७९/८० | | | १०,५९३ |
| १३ | २०८०/८१ | | वित्तीय प्रतिवेदन | १,८८,४०,४१६ |
| १४ | २०७८/७९ | | पेश्की वाँकी | १,००,००० |
| १५ | २०७७/७८ | | आन्तरीक आय | १७,८३३ |
| जम्मा | | | | २,२३,९६,९९८ |

# (८०६६७४०४३०० - नारायण नगरपालिका, दैलेख )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्वेश्य रहेको छ। यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल ११०.६३ वर्ग किलोमिटर तथा २६,१११ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।४ देखि २०८१।८।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** नगरपालिकाको आय-व्ययतर्फ रु.१,३१,९१,९८,६५६।५७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.३१,९३६।० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राजश्व असुली, इन्टरनेट पैसा फिर्ता, प्रशिक्षक भत्ता, दैनिक भ्रमण भत्ता, सामाजिक सुरक्षा कर लगायत | ३१,९३६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)

| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ९,४५,४५,८२६.८३ | ० | ९,४५,४५,८२६.८३ | ४,३२,१४,०१०.६१ | ० | ४,३२,१४,०१०.६१ |
| १३००० | अनुदान | | ४१,५६,७४,४२५.९९ | ० | ४१,५६,७४,४२५.९९ | ४६,६१,०८,७५०.०७ | ० | ४६,६१,०८,७५०.०७ |
| १४००० | अन्य राजस्व | | ६७,७५,७५०.०३ | ० | ६७,७५,७५०.०३ | ४७,६८,००७.१३ | ० | ४७,६८,००७.१३ |
| १५००० | विविध प्राप्ति | | १८,३१,५४२.२३ | ० | १८,३१,५४२.२३ | ० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | | ५१,८८,२७,५४५.०८ | | ५१,८८,२७,५४५.०८ | ५१,४०,९०,७६७.८१ | | ५१,४०,९०,७६७.८१ |
| ३ | चालु | | ४०,१८,१०,३५२.७२ | ० | ४०,१८,१०,३५२.७२ | ४०,९६,२८,७८३.९५ | ० | ४०,९६,२८,७८३.९५ |
| २१००० | पारिश्रमिक / सुविधा | | २२,३३,९३,९४५.३० | ० | २२,३३,९३,९४५.३० | २४,७८,४९,५८१.३२ | ० | २४,७८,४९,५८१.३२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १५,५९,४९,६१६.५२ | ० | १५,५९,४९,६१६.५२ | १४,०६,६२,१०१.६३ | ० | १४,०६,६२,१०१.६३ |
| २५००० | सहायता (Subsidy) | | १,४७,०९,२४७.०० | ० | १,४७,०९,२४७.०० | १८,४६,०००.०० | ० | १८,४६,०००.०० |
| २६००० | अनुदान | | ० | ० | ० | १,००,२७,८२४.०० | ० | १,००,२७,८२४.०० |
| २७००० | सामाजिक सुरक्षा | | ६२,९३,२९५.०० | ० | ६२,९३,२९५.०० | ६८,९२,४६७.०० | ० | ६८,९२,४६७.०० |
| २८००० | अन्य खर्च | | १४,६४,२४८.९० | ० | १४,६४,२४८.९० | २३,५०,८१०.०० | ० | २३,५०,८१०.०० |
| ४ | पूंजीगत | | ११,३४,८६,०८७.७९ | ० | ११,३४,८६,०८७.७९ | १७,८२,८१,४९४.२७ | ० | १७,८२,८१,४९४.२७ |
| ३१११० | भवन तथा संरचना | | २,२६,८५,०७६.४० | ० | २,२६,८५,०७६.४० | ३,९१,४१,८९५.०० | ० | ३,९१,४१,८९५.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ६,८६,७३४.०० | ० | ६,८६,७३४.०० | ९७,८७,१४९.०० | ० | ९७,८७,१४९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ५०,०००.०० | ० | ५०,०००.०० | ६८,०५,८९२.०० | ० | ६८,०५,८९२.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,९५,५६,४५७.३९ | ० | ८,९५,५६,४५७.३९ | १२,१३,३२,०८८.२७ | ० | १२,१३,३२,०८८.२७ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० | ९,१४,४७०.०० | ० | ९,१४,४७०.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ५,०७,८२०.०० | ० | ५,०७,८२०.०० | ३,००,०००.०० | ० | ३,००,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५१,५२,९६,४४०.५१ | | ५१,५२,९६,४४०.५१ | ५८,७९,१०,२७८.२२ | | ५८,७९,१०,२७८.२२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | ३५,३१,१०४.५७ | | ३५,३१,१०४.५७ | (७,३८,१९,५१०.४१) | | (७,३८,१९,५१०.४१) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | (४३,००,१५१.१०) | | (४३,००,१५१.१०) | ३०,६३,६९९.९२ | | ३०,६३,६९९.९२ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (७,६९,०४६.५३) | | (७,६९,०४६.५३) | (७,०७,५५,८१०.४९) | | (७,०७,५५,८१०.४९) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ३,३४,९६,४८५.९४ rs: 0.0 | | ३,३४,९६,४८५.९४ | १०,४२,५२,२९६.४३ | | १०,४२,५२,२९६.४३ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ३,२७,२७,४३९.४१ | | ३,२७,२७,४३९.४१ | ३,३४,९६,४८५.९४ | | ३,३४,९६,४८५.९४ |

२.१ **वित्तिय विवरणको यथार्थता:** लिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,४६,४४,७९६, गरिबसँग विशेश्वर कार्यक्रममा रु.३,८६,९७०,राष्ट्रपति महिला सशक्तिकरण परियोजनामा रु.११,६२,१६५।,स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.५४,१३,०००, आन्तरिक मामिला तथा कानून मन्त्रालय रु.१४,८८,०००, एकिकृत स्वास्थ व्यवस्थापन कार्यक्रम रु.३,००,०००। समेत गरी रु. १२,३३,९४,९३१।६२ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

२.२ ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१७** को निर्णयले रू **१८,८४०,४१५.८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२.३ **फरक हिसावः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२१,११,५२२.४२ यस वर्षको प्राप्ति रु.१३,११,१६,१२८.५,यस वर्षको भुक्तानी रु.१७,५२,९५,५४५.१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था हुने गरि सुत्रमा संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान समेत समावेश हुने व्यवस्था गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **३,३४,९६,४८५.९४** | **५१,८८,२७,५४५.०८** | **५१,५२,९६,४४०.५१** | **३,२७,२७,४३९.४१** |
| एकीकृत आर्थिक विवरणअनुसार | ३,५६,०८,००८.३६ | ३८,७७,११,४१६.६१ | ६९,०५,९१,९८५.५६ | ३,२७,२७,४३९.४१ |
| फरक | -२१,११,५२२.४२ | १३,११,१६,१२८.५ | -१७,५२,९५,५४५.१ | ० |

२.४ **बैक हिसाव विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको निम्न खाताको स्रेस्तार बैक अनुसारका विवरण निम्नानुसार छन्।

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | १,४८,८१,५२२.६४ | १,४८,८१,५२२.६४ | 0.0 |
| स्थानीयतह प्रकोष व्यवस्थापन कोष खाता | १०,३४,२३२.२० | १०,३४,२३२.२० | 0.0 |
| स्थानियतह विविध कोष खाता | ८४,०६,६७६.३२ | ८४,०६,६७६.३२ | 0.0 |
| धरौटी | ८४,०५,००८.५२ | ८४,०५,००८.५२ | 0.0 |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ पर्नेमा तयार गरेको नपाइएता पनि स्रेस्ता र वैक अनुसार मिलेको पाइयो।

## ३ कार्यसञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचालन गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष कर्मचारी कल्याणकोष, प्रकोप व्यवस्थापन, सडक बोर्ड जस्ता १२ वटा कोषमा गत वर्षबाट जिम्मेवारी सारेको रु.१,४५,०७,८७३.६२ सहित रु.२,७६,०३,६५२.७४ आय र रु.१,९१,१६,१७६.४२ खर्च गरी रु.८४,०६,६७६.३२ मौज्दात देखाएको छ। यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरो पन आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

## ४ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

## ५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.५८ करोड १९ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।03।२८ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।0४।0७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ६ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

## ७ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ५५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजनासङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| | | | | लाख सम्मका योजना सङ्ख्या | |
| १. | पालिकास्तरीय | ५५ | १ | ७ | ४७ |
| २. | वडास्तरीय | | | | |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ५४ योजनामात्र कार्यान्वियन भई १ योजना कार्यान्वियन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

## ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,०१,०५,००० | १,४६,२८,४७८ | 2.80 |
| २ | पूर्वाधार विकास | ८,३१,७८,५००.४९ | ६,४७,४५,१९७ | 12.38 |
| ३ | सामाजिक विकास | ३१,०८,२५,१३८ | २७,७९,५०,०१५.२१ | 53.14 |
| ४ | बातावरण तथा विकास | १,२६,५०,००० | ७७,२९,८६९ | 1.48 |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४,१४,६९,००० | ३,३७,४७,१५३.७८ | 6.45 |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १४,२५,४९,७९१ | १२,४२,२५,५९६.५२ | 23.75 |
| **जम्मा** | | **६१,०७,७७,४२९** | **५२,३०,२६,३१०** | 100 |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.१४ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटीमा १.४८ प्रतिशत रहेको छ ।

## ९ त्रैमासिक पूँजिगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १,३३,४८६ | ६,२३२ | ७,१३१ | २०,२३० | ७९,८९१ | ५६,८८६ |
| प्रतिशत | १०० | ४.६७ | ५.३४ | १५.१६ | ७४.८३ | ४२.६२ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३ करोड ३४ लाख ८६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.७१ लाख ३० हजार (४.३५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.७१लाख ३१ हजार (५.३४ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.२ करोड २ लाख तिस हजार (१५.१६ प्रतिशत) र चौथि त्रैमासिकमा रु.७ करोड ९८ लाख ९१ हजार (७४.८३ प्रतिशत), खर्च गरेको देखिएको

छ। यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ६८ लाख ८६ हजार (४२.६२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

**१० आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

**११ लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| **कार्यक्रम संख्या** | ५५ | १ | | | ५४ |

पालिकामा रहेको वजेट मध्य अधिकाम्स वजेट चालुखर्चमा खर्च भइ पुँजिगत खर्चमा कम खर्च भएको पाइयो। पुँजिगत खर्चमा कम योजना संचालनमा ल्याएको र एक योजना कार्यान्वयनमा आएको पाइएन। अतः पालिकाले बजेट खर्च गर्दा पुँजिगत खर्च गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

**१२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

**१३ खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.९१,९८,७८६.६२ राजस्व बाँडफाँड र अनुदानबाट रु.५१,५४,६४,३५४.१९ समेत रु.५२,४६,६३,१४०.८१ आम्दानी भएकोमा चालु तर्फ रु.४०,१८,१०,३५२.७२ र पूँजिगत तर्फ रु.११,३४,८६,०८७.७९ समेत रु.५१,५२,९६,४४०.५१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.७८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,०५,५५,५००।खर्च भएको छ जुन आन्तरिक आयको ११४.७४ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.९५ प्रतिशत चालु र २२.०५ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

**१४ आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका

तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३६,८२,०३,५६६.२ | १,२६,०२,०८६.५४ | ३.४२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.४२ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

## १५ सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा नगरपालिका र मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाको सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छन् ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | 2066/2/8, 2077/8/14, 2071/2/9 | 11 | साविक गा वि सबाट प्राप्त साथै | विभिन्न मितिमा प्राप्त साथै भवन निर्माणको रु.९,०७,००,००० |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | २०७५।८।२३ – २०७९।३।२३ | 22 | खरिद | |
| उपकरण (रु.१ लाखभन्दा बढी) | 2077/3/11, 2081/12/14 2081/3/9 | 30 | 33,86,658 | |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | 2071/3/20, 2063/3/18 2065/6/9 2063/3/18 | 5 | 74,64,911 | मोटरसाइकल २, भिसुविसी भ्यान १, टाटा टिप्पर १ र जिप टाटा सफारी १ बेचल्टिमा रहेको उर्लेख गरेको पाइयो। |

## १६ जिन्सी निरिक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेता पनि प्रतिवेदनमा उल्लेख गरे बमोजिम सुचना कम्प्युटरतथा दुरसंचार सामान ३५११, डिजिटल तराजु १, मोवाइल ७, टेवुल ८, दराज ९, कुर्सी ७, रिभल्भिङ्ग चेयर ७ र लिलाम गर्नु पर्ने र मोटर साइकल ३, पिकअप १ डेक्सटप कम्प्युटर ९, प्रिन्टर ६टेबुल ३, दराज ९लगायतका सामानहरु मर्मत गर्नु पर्ने उल्लेख गरेकोमा सो अनुसार गरेको पाइएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

## १७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४९ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

१८ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।पालिकाले उल्लेखित पदहरुमा बाहेक ९४ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२,९१,४३,८४६। भुक्तानी गरेको मध्य माथि उल्लेखित पद बाहेकका पदमा करारमा राखी रु.१,११,९७,४४४। खर्च गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,११,९७,४४४ |

१९ **अवकाश कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।स्थानिय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ बमोजिम कर्मचारी कल्याण कोष सम्वन्धि व्यवस्था लाइ आधार मानी पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.४०,००,०००। ट्रान्सफर गरेको छ। गत वर्षको अ.ल्या रु.७२,७६,३०१। र यस वर्षको ट्रान्सफर समेत रु.१,१२,७६,३०१।भएकोमा यस वर्ष कर्मचारी कल्याण कोष/अवकाश कोषबाट रु.५७,५५,७९४। भुक्तानी गरी रु.५५,२०,५०७। बाँकी रहेको छ।

२० **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२१ **सेवा प्रवाहको स्थिति**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ ।

| विवरण | जम्मा |
|---|---|
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | 1156 |
| मृत्युदर्ता | 205 |
| बसाईसराई दर्ता | 163 |
| विवाह दर्ता | 396 |
| सम्बन्धविच्छेद दर्ता | 21 |

२२ **सूचना प्रविधि पद्धति**

सूचना प्रविधि नियन्त्रण वातावरणमाकार्यालयको कारोबारसँग लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणाली व्यवस्था, प्रवेश नियन्त्रण लगायतका विषयसमावेश हुन्छन्।सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा पालिकाले निम्न अनुसारका कार्य गरेको छैन ।

 कार्यालय स्वयको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र व्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,

 सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्वन्धित सफ्टवेयर म्यानुअल अनुसार र मलेप फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,

 सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको रत्यसको अभिलेख मलेप फाराम ९०३ मा नराखेको,

 सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको।

## २३ आन्तरिक नियन्त्रण प्रणाली

आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन आन्तरिक नियन्त्रण तयार गरी लागू गरेको अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन ।

 पालिकाले योजनागत खाता राखेको पाईएन। विविषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन ।

 अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को ९३० बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यिनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपने व्यबस्थाको पालना गरेको पाइएन।

 ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) तथा कन्टिन्जेन्सी खाता राखेको पाईएन।

 संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

 सञ्चालित योजनाको सूचना पाटीमा आय/व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन।

 वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।

 प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि म ले प प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन ।

 सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन ।

 सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।

 वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

 पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।

 विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।

 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

 स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ।

 राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन।

 स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

 स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।

 दिगो बिकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण राखेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

 यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

## २४ कानून सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराएको नमुना कानूनहरुबाट पालिकाले हालसम्म ८ वटा ऐन, ५ वटा नियमावली, ८ कार्यविधि लगायत २१ वटा कानुन निर्माण गरी राजपत्रमा प्रकाशन गरि कार्यान्वयनमा ल्याएको छ।

## २५ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष थप भएको १५ गरी कुल १६ विवाद दर्ता भएकोमा माथिल्लो निकायमा ४ वटा पठाएको समेत १० वटा मात्र फर्स्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## २६ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.११,३४,८६,०८७.७९ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२८ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

२९ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५० वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरणमा २२ वटा सहकारी मात्र दाखिला गरेको पाइएन। पालिकामा दर्ता भएका ५० वटा सहकारी मध्ये २८ वटा सहकारी निस्कृत रहेको पाइयो। पालिकाभित्र २ वटा सहकारी समस्याग्रस्त रुपमा रहेको पाइयो। नारायण वहुउदेश्यिय सहकारी र शत प्रतिशत कृषिसहकारी सस्थामा वचत फिर्ताको समस्या रहेकोले पालिकाले सहकारीहरुसँग छलफलमा समयमा फिर्ता गर्ने निर्णय भए पनि लेखापरिक्षण अवधि सम्म फिर्ता गरेको पाइएन।

३० **आर्थिक सहायता**

आर्पाथिक सहायताः पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न ६९ संघसंस्था र व्यक्तिहरुलाई रु.३,१६,१००। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.९१,९८,७८६.६२ को ३.४३ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

३१ **खर्चमा मितव्ययिता**

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका अनुसार कार्यालयले आफ्ना प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। पालिकाले यस वर्ष अन्य सेवा शुल्कमा रु.२,९१,४३,८४६। (करार कर्मचारीको तलब दरवन्दी बहायकका), विविध खर्च रु.११,९१,०६१।, भ्रमण खर्चमा रु.१४,६१,८२८।, मसलन्द तथा कार्यालय सामान रु.४४,०४,६३८, सवारी मर्मत सम्भार रु.१९,८४,७३३।, इन्धन खर्च रु.४२,८१,७४७, खर्च गरेको छ। यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उपयोगमा पालिकाको ध्यान जानुपर्दछ।

३२ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। तर पालिकाले वाख्रापालन र मकैवाली प्रवर्द्धन र रैथानेवाली प्रवर्द्धन गरी रु.२४,६३,०००। खर्च लेखेको छ। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन। तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

३३ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५९,८१,२७,४२९.४९ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.५२,४६,६३,१४०.८१ अर्थात अनुमान भन्दा १२.२९ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

३४ **आन्तरिक आय**

चुप्रा खोला दोभान देखी तामेखोला दोभान तथा चुप्रा खोला दोभान-ताराघर खोला दोभान सम्मको दहत्तर वहत्तरको न्यूनतम मुल्याङ्कन रु.१९,९९,५००। कायम भएकोमा पन्तनिर्माण सेवा प्रा.लि संग रु.१९,९९,७७७।० (मूल्य अभिवृद्धि कर बाहेक)मा उत्खनन् गर्ने गरी संझौता भएको थियो। सप्लायर्सले मूल्य अभिवृद्धि कर दाखिला गर्नु पर्नेमा पालिकाले संझौता बमोजिम प्राप्त गरेको रकम रु.१९,९९,७७७। बाट रु.२,३०,०६२.८४ मु.अ.कर दाखिला गरेको पाइयो।पालिकाले मु.अ.कर समेत रु.२२,५९,७४८।प्राप्त हुनु पर्नेमा रु.१९,९९,७७७। मात्र प्राप्त गरेकाले रु.२,५९,९७१।सम्बन्धित सप्लायर्स सँग असुल गरि गाउँपालिका खातामा दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५९,९७१ |

३५ **कर तथा शुल्क**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन। पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३६ **नविकरण शुल्क**

पालिकाले घ वर्गको निर्माण इजाजत पत्र प्रदान सम्बन्धी कार्यविधि, २०७५को दफा ३ मा प्रत्येक आर्थिक वर्षको इजाजत पत्र अवधि मान्य रहने र अवधि समाप्त भएको तिन महिना भित्र संघ, प्रदेश र स्थानिय तहलाई तिर्नु पर्ने कर तिरी सकेको कर चुक्ताप्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित अनुसूची-२ अनुसारको दस्तुर तिरी नवीकरण गरी पास बुक विवरण अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिकामा इजाजत पत्र लिएका तोकिएको भन्दा ढिला गरी नविकरण नगरीएका निर्माण इजाजत पत्रको विवरण अद्यावधिक राखी उत्तः समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएको पाइएन। कार्यविधि अनुसार तोकिएको अवधि भित्र नवीकरण नगरीएका निर्माण इजाजत पत्रको विवरण अद्यावधिक राखी उत्त समय पछी नविकरण गर्दा थप नवीकरण दस्तुर लिएर मात्र नविकरण गर्ने व्यवस्था गर्नु पर्दछ।

३७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको

देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ४०,००,००० | २३,४८,४४०.६५ | **58.71** |
| घरजग्गा वहाल कर | १५,००,००० | २०,१२,९५९.५७ | **134.20** |
| व्यवसाय कर | १०,००,००० | ६१,३१५ | **6.13** |
| वहाल विरौटी शुल्क | १०,००,००० | ५,९२,२४३.६० | **59.22** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३८ **राजश्व दाखिला**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो सिमामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न सक्ने व्यवस्था छ । पालिका अन्तर्गत विभिन्न वडाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको समयमा राजश्व बैक दाखिला गर्ने गरेको पाइएन।

३९ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.६१३१५।कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। नगरपालिकामा यस आ.व सम्म १५०९ वटा व्यवसाय दर्ता भएकोमा यस आ व मा १७७ वटा व्यवसाय मात्र नविकरण भएको पाइयो।अतः आन्तरिक आम्दानी बढाउन तथा पालिकाभित्र रहेका व्यवसायलाई व्यवस्थित गर्न नविकरणलाई प्रोत्साहीत गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ।

४० **माछा ठेक्का**

पालिकामा आन्तरिक आम्दानीकालागि निम्नानुसार खोलामा माछा ठेक्का लगाएकोमा पालिकाले कायम गरेको न्यूनतम कायम भन्दा कममा ठेक्का नलागेकाले ठेक्काको कबोल अंक घटाइ पुन सुचना प्रकाशन गरि ठेक्का लगाएको पाइयो।

| क्र सं | माछाको लागि खोलाको नाम | न्यूनतम ठेक्का रकम | नयाँकायम ला.अ. | संझौता रकम |
|---|---|---|---|---|
| १ | चुप्रा दोभानदेखि कट्टीखोला दोभानसम्म | 40,000 | 15,000 | 15,000 |
| 2 | कट्टी खोला दोभानदेखि लिङ्केसम्म | 42,250 | 10,000 | 10,000 |

४१ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर राजश्व संकलनको लागी सफ्टवेयरहरुमा गत वर्षसम्म रु.६,८३,६५०। भुक्तानी गरेको छ। सफ्टवेयर खरिदको आवश्यकता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन।उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श

दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

## ४२ साझेदारी परियोजना

नारायण नगरपालिकाले अमेरिकी अन्तरार्ष्ट्रिय सहयोग नियोग(युएसआइडी) को आर्थिक सहयोग र देव वर्कस इन्टरनेशनल को व्यवस्थापनमा स्वच्छता परियोजना कार्यक्रम संचालन गरी रु.३८,९०,१९४।० को निर्माण कार्य गरेको छ ।

| क्र.सं. | योजनाको नाम | कार्य | पालिका रकम | संस्थाको रकम |
|---|---|---|---|---|
| १ | नारायण स्वास्थ्य चौकी शौचालय निर्माण | १०,८८,५६१ | १,५८,६४९ | ९,२९,९११ |
| २ | बसन्तमाला स्वास्थ्य चौकी शौचालय निर्माण | १३,२८,०१२ | १,९६,६९६ | ११,३१,३१६ |
| ३ | त्रिवेणी स्वास्थ्य चौकी शौचालय निर्माण | १४,७३,६२१ | २,१९,८२९ | १२,५३,७९३ |
| | जम्मा | ३८,९०,१९४ | ५,७५,१७४ | ३३,१५,०२० |

## ४३ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रु हजारमा |
|---|---|---|---|---|
| त्रिवेणी १५ शैया नगर असुपताल निर्माण | **पि इन्जिनियरिङ आर एण्ड कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन** | **5,00,000** | **49,72,000** | **1,58,825** |
| लोहोरे बिजौरा फूलबारी लिफ्टिङ आयोजना ६र७ | **ह्वाइ भिजन इन्जिनियरिङ्ग प्रा.लि** | 5,00,000 | 49,49,400 | 4,74,593 |
| भिरमौरा देखि लुक्षेकाँडा हुँदै तौलिया देलकाँडा सडक सर्भेक्षण कार्य | **काइरभ इन्जिनियरिङ्ग कन्सल्टेन्सी** | 5,00,000 | 49,83,300 | 56,030 |
| वडा नं.१० को वडा कार्यालय देखि तौलिय सम्म सडक स्तरोन्नती कार्य | **नेपाल इन्जिनियरिङ्ग एण्ड मेनेजमेन्ट एशोसियट्स** | 5,00,000 | 3,98,66,400 | 1,04,662 |
| खौला राजिगाउँ पिपलडाँडा सडक स्तरोन्नती कार्य | **पन्चकोशी इन्जिनियरिङ्ग कन्सलटेन्सी** | 5,00,000 | 49,79,910 | 4,58,793 |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

## ४४ लागत अनुमान

सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ मा खरिद कार्यको एक लाख भन्दा माथिको खरिदमा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार खरिदमा लागत अनुमान तयार गर्नु पर्नेमा तायर नगरी कोटेशन मार्फत रु.१२,८०,१८५।खरिद गरेको पाइयो।

| क्र सं | भौ मिति | सप्लायर्स | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| 1 | 11-080/12/9 | अल्फा बर्दर्श (कम्प्युटर,प्रिन्टर, ल्याप्टप, किबोर्ड, माउस) | 4,97,378 | |
| 2 | 29-081/2/29 | फर्निचर तथा सोफा ल्यापटप | 7,82,807 | |
| | | जम्मा | 12,80,185 | |

४५ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

४६ **निर्माण कार्यको बिमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, मेशिन औजार तथा निर्माण कार्यको बीमा गराउनुपर्ने उल्लेख छ । पालिकाले निर्माण कार्यको संझौता गरी कार्यान्वियन गर्दा बीमा गराएको छैन। संभावित जोखिमबाट जोगिन र कम क्षति हुन निर्माण कानुनमा व्यवस्था भए बमोजिम बीमा गरिनु पर्दछ । उदाहरणः देहायको निर्माण कार्यको BOQ मा विमा समावेश गरेता पनि बिमा गरेको छैन ।

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | भुक्तानी रकम | विमा |
|---|---|---|---|---|
| वडा नं. १० कार्यालय भवन | न्यू कालिका कन्स्ट्रक्सन | १७,०७,९२६ | १६,७२,६६४ | १५,००० |
| वडा नं. ८ कार्यालय भवन | निर्भृति निर्माण सेवा | ४०,४७,३९८ | २७,८३,३०३ | ३०,००० |

४७ **वर्थिङ सेन्टर**

पालिकाले भवनी स्वास्थ्य चौकी वर्थिङ सेन्टर निर्माण कार्यको लागि न्यू कालिका निर्माण सेवासँग रु.५०,६५,११३।० मिति २०८१।३।१५ मा सम्पन्न गर्ने गरी मिति २०८०।१२।४ मा सम्झौता गरेकोमा पालिकाले मिति २०८१।९। १५ सम्म म्याद थप गरेकोमा यस वर्ष रु.३२,२८,४१०। कार्य गरी भुक्तानी दिएको छ । उक्त निर्माण कार्य नगरपालिका र वानहार्ट वर्ल्डवाइडसँगको ८८.३९ र ११.६१ प्रतिशतको साझेदारीमा निर्माण कार्य भएको वानहार्ट वर्ल्डवाइडबाट यस वर्ष रु. ३,००,०००।० रकम प्राप्त भएको छ । सम्झौता वमोजिमको रकम साझेदारबाट प्राप्त गरी थप गरेको समयावधिमा निर्माण कार्य सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४८ **नेपाल परिवार नियोजन संघ भवन निर्माण**

पालिकामा ससर्त अनुदानबाट रु.२२,५८,७५८.६४ भएको नेपाल परिवार नियोजन संघ भवन रु.३,३८,७८५।(१५%) उपभोक्ता समितिले गर्ने गरी मिति २०८०।९।१६ मा संझौता भएको थियो। समितिले रु.२२,५५,३८५। को काम गरेकोमा उपभोक्ता समितिको श्रमदान रु.३,३८,३०७.घटाइ भौ.४२-०८१।३।१७ बाट रु.१९,१७,०६७। भुक्तानी भएको छ। यस वर्षमा तयार गरेको लागत अनुमानको कार्य सम्पन्न यसै बर्षमा तयार गरेको पाइयो। आ.ब.२०८१।८२ मा पुन रु.१०,००,०००। बजेट प्राप्त भएको पालिकाको भनाइ छ। यसरि प्रत्येक वर्ष वजेट प्राप्त हुने र सोही अनुसारको कार्य सम्पन्न बनाउने योजनालाई क्रमागत योजनाको रुपमा राखेको

पाइयो। अतः पालिकाले योजना संचालन गर्दा बजेटको सुनिश्चिता गरी एकमुष्ट लागत अनुमान तयार गरी निर्माण कार्य गराउने तर्फ पहल गर्नुपर्ने देखिन्छ।

## ४९ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.३५,८१,२९६। को १ योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ। सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन्। यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ।

| ठेक्का नं | निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम | सम्झौता रकम | सम्झौता मिति | पटक पटक म्याद थप | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर एन कन्ष्ट्रक्सन | ३५,८१,२९६ | २०८०।१२।६ | १ पटक | ३ महिला निर्माण अवधि भएको काममा १ वर्ष अवधि थप गरेको निर्माण व्यवसायीसँग कालोपत्रेको निर्माण पूर्वाधारसामाग्र नभएकोले |

## ५० कार्य सम्पादन जमानत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) अनुसार सम्झौता गर्नु पुर्व त्रुटी सच्याउने अवधि सम्मको भन्दा कम्तिमा १ महिना बढी कार्य सम्पादन जमानत भएको हुनु पर्ने व्यवस्था छ। निम्न कामका निर्माण व्यसायिहरुले तोकिएको समय भन्दा कम अवधिको बैङ्क ग्यार्नेटी राखी संझौता गरेको साथै म्याद थप गर्दा बैक ग्यारेन्टीको म्याद थप गर्ने गरेको पाइएन। अतः कार्यसम्पादन जमानतको बैक म्याद थप गरी प्रमाण पेश गर्नु पर्दछ । गत वर्षमा पनि यस व्यहोरा औल्याएकोमा हालसम्म सुधार भएको नपाइएकोले यसमा पालिकाको विषेश ध्यान जानु पर्ने देखिन्छ ।

| निर्माण कार्य | निर्माण व्यवसायी | संझौता रकम | काम सम्पन्न गर्नु पर्ने अवधि म्याद थप समेत | बैक जमानतको अवधि | जमानतको हुनु पर्ने अवधि | नपुग अवधि | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|---|---|
| वडा नं.१० वडा कार्यालय तौतिया सडक स्तर उन्तनी | आर.आर कन्ष्ट्रक्सन | 54,76,412 | 2081/3/15 | 2082/3/19 | 2082/4/15 | १ महिना | 16,16,000 |
| रामपुर नयाँगाउँ-विजौरा भनभने सडक स्तर उन्नती | श्रेष्ठ कन्ष्ट्रक्सन एण्ड सप्लायर्य | 51,16,137 | 2081/3/15 | 2082/3/17 | 2082/4/15 | 1 महिना | 18,12,000 |

## ५१ आइटम वाइज योगदान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ। अत- नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ ।

## ५२ रितपूर्बकको कर बिजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.२,३९,३८२। समेत

रु.२०,८०,७८७.९३ सामान तथा निर्माण सेवा खरिद गरेको छ। तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम | कैफीयत |
|---|---|---|---|---|---|---|
| 4-080/8/14 | रोहित कन्ष्ट्रक्सन | 601946622 | 02 | 13,12,490.93 | 1,50,994 | कर विजक हातले लेखेको |
| 56-081/3/23 | विन्द वासिनी कन्ष्ट्रक्सन | 302524130 | 10 | 7,68,297 | 88,388 | कर विजक हातले लेखेको |
| | **जम्मा** | | | 20,80,787.93 | 2,39,382 | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३९,३८२ |

५३ **अग्रीम कर**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु.1,405। अग्रिम कर कट्टी नगरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी लिनेकोनाम | करको प्रकार | भुक्तानी | कट्टी गरेको | कट्टी गर्नु पर्ने | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|---|---|
| 4-081/3/22 | जोड पोल्ट्री फर्म | ढुवानी कर नकाटेको | 56,200 | 0 | 1,405 | 1,405 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४०५ |

५४ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा खर्च पुष्टी हुने विल भरपाईसहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले खौला राजीगाउँ गाइखुरे पिपलडाँडा सडक स्तरोन्नती कार्य गराई निर्माण व्यवसायी श्रेष्ठ कन्स्ट्रक्सनलाई भुक्तानी दिँदा पिएस वापतको रकम रु.४१,०१६।० भुक्तानी गरेको छ। तर निर्माण व्यवसायीले रु.३६,०१६।० को विल भरपाई पेस गरेकोले विल भरपाई भन्दा बढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

५५ **वडा नं. ८ कार्यालय भवन**

पालिकाले संघीय सरकारको समपुरक अनुदान र पालिकाको साझेदारीमा वडा नं. ८ कार्यालयको भवन निर्माणकार्यको लागि रु. ६७ लाख २१ हजार लागत अनुमान स्वीकृत गरी निर्भृति निर्माण सेवासँग मिति २०८१।३।१५ सम्पन्न गर्ने गरी रु.४०,४७,३९८।० सम्झौता भएको थियो । यस वर्ष निर्माण कार्य वापत संघीय समपुरक अनुदानतर्फको रु.१४,४६,३३८।० र पालिकाबाट रु.१३,३६,९६५।० समेत रु.२७,८३,३०३।० भुक्तानी भएको छ । सम्झौता बमोजमि तोकिएको समय सम्म कार्य सम्पन्न भएको छैन। निर्माण व्यवसायीलाई पूर्वनिर्धारित क्षतिपूर्तिसहित निर्माण कार्य सम्पन्न गर्न तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५६ **ल्याण्ड फिल्ड साइट निर्माण**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-५** को निर्णयले रु **९४,५१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **उपभोक्ता समिति परिचालन**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययी गुणस्तरीयता वा दिगोपना हुने भएमा वा लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिलाई तोकिएको कार्यविधि पुरा गरी त्यस्तो कार्य गराउन सकिने व्यवस्था गरेको छ । सोही व्यवस्थाको कार्यान्वियनका लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत खरिद गर्दा अपनाउनुपर्ने विधि र प्रक्रिया उल्लेख गरिएको छ । पालिकाले यस वर्ष विभिन्न ३७ योजनामा उपभोक्ता समिति

परिचालनमार्फत रु.१ करोड ६३ लाख ७७ हजार खर्च गरेको छ । उपभोक्ता समितिबाट गरेको काम सम्बन्धमा निम्न व्यहोरा देखिएको छ ।

५८ **निर्माण लगत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ११ ले उपभोक्ता समितिले गरेको कामको जाँचपास गरी जन श्रमदानबाट व्यहोरिएको श्रम, नगद वा जिन्सीसमेत कुल खर्चको विवरण पेश गरेपछि सार्वजनिक निकायले प्राप्त विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, सुपरीवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्नेगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले प्रत्येक वर्ष विभिन्न उपभोक्ता समिति वनाई सडक लगायत पूर्वाधार निर्माण कार्य गरेपनि सो को अभिलेख राखेको छैन । पालिकाको लागि आवश्यक संरचना यकिन गर्ने, सर्त अनुसार बनाइएका संरचना अभिलेखांकन गर्ने पालिका लगायत अन्य निकायले गरेको कामको समन्वयात्मक रुपमा सहकार्यमार्फत दोहोरो हुन नदिने गरी कार्यालयले अभिलेखांकन गर्ने गरेको छैन । यसबाट कार्यमा दोहोरोपना नभएको भन्ने आधार समेत देखिदैन । पालिकाले परिचालन गरेको उपभोक्ता समितिबाहेक कृषि विकास कार्यालय, विभिन्न गैर सरकारी संस्थाहरु समेत परिचालन हुने सन्दर्भमा अन्य संस्था एवं कार्यालयहरुले गरेका कामकासमेत अभिलेखांकन गरी बाँकी योजनाहरुको आवश्यकता यकिन गरी उपभोक्ता छनौट एवं निर्माण कार्य गर्नु पर्दछ ।

५९ **उपभोक्ता समितिको योगदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(२) अनुसार उपभोक्त समितिबाट गराउँने काम वा सेवाको प्रकृति, लाग्ने समय, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नुपर्ने रकमको सम्मन्धमा उल्लेख छ । कार्यालयले उपभोक्ता समितिबाट गराउँने कार्यमा लागत अनुमान बनाउँदा योजनाका लागि स्वीकृत रकमका आधारमा लागत अनुमान तयार गर्ने र वजेट भन्दा बढी भएको रकमलाई योजनाको कुल लागतमा उपभोक्ता समितिको अंश वा योगदान तोकिदिने गरेको छ । यसबाट उपभोक्ता समितिहरुले व्यहोर्ने योगदानमा एकरुपता देखिएको छैन । योजनाहमा उपभोक्ताको अंश प्रतिशतमा निर्धारण गरी निर्माण कार्यमा उपभोक्ताको योगदान रकम स्पष्ट तोकी लागत अनुमान तयार गरी संझौतामा उल्लेख गर्नुपर्दछ ।

६० **सार्वजनिक सूचना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (२) ले स्थानीय वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदायबाट काम गराउनका लागि सम्बन्धित काम तथा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुरा खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने वा त्यस्तो समुदाय वा समितिले प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट नियमानुसार सूचना प्रकाशन नगरी सम्बन्धित उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा सम्झौता गरी कार्य सम्पन्न गरेको छ । उपभोक्ताबाट पहुँचका आधारमा योजना स्वीकृत गराई प्राप्त बजेट अनुसार सिधै सम्झौता गर्ने गरेको छ । यसबाट खरिद ऐनले अपेक्षा गरे अनुसार खरिद प्रक्रियामा प्रतिस्पर्धा स्वच्छता मितव्ययिता र विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासिल हुने देखिदैन । प्रस्तावना मार्फत प्रतिस्पर्धा गराई उपभोक्ता समिति परिचालन गर्नुपर्दछ ।

६१ **हस्तान्तरण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम १३ ले निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार गर्ने जिम्वेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले समुदायसँग सम्बन्धित संरचना संरक्षण र मर्मत गर्ने गरी जिम्मेवारी हस्तान्तरण गर्दा उपभोक्तालाई उत्तरदायी बनाएको देखिएन । निर्मित संरचनाहरुको दीर्घकालीन उपयोग गर्न उपभोक्ताले कोष व्यवस्थापन गरी आगामी दिनमा राज्यको दायित्व घटाउँदै लैजान समेत उपभोक्ता स्वयमलाई जिम्मेवार बनाउने गरी निर्मित संरचना हस्तान्तरण गरी अभिलेख राख्नु पर्दछ ।

६२ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । भौचर नं. ४४-२०८१।३।१७ मा कौषल स्टोर्स एण्ड अडर्स सप्लायर्सबाट

Lithium nuttery 82AH 15 वटा र Solar Charge Controlar 15 वटा गरी ३० वटा सामान रु.६,३१,४४०। खरिद गरेको तर कुन स्थानमा प्रयोग भएको प्रमाण संलग्न रहेको नपाइएकाले जडान/प्रयोगको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,३१,४४० |

६३ **नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचानपश्चात दफा ५(४) बमोजिम स्थानीय तहसँग सम्झौता गरी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराइने र उक्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी बढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदनसहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष १७६ जना लाभग्राहीलाई रु.१८९००। का दरले रु.३१,९९,८५६।० प्रथम किस्ता उपलब्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्याङ्कन गरी निर्माण आवास निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६४ **पाइप खरिद** (१२८-२०८१-३-२):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी बास्तविक नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले एन.वि इन्टरप्राइजेज एण्ड सप्लायर्सबाट २० एमएमको एचडिपिइ पाइप खरिद गरी रु.९९,८९२।० भुक्तानी दिएको छ । पाइप वितरणको भरपाइ तथा नापी किताव तथा प्राविधिक विल पेस नभएकाले पाइपको प्रयोग तथा कार्य सम्पन्न भएको विल पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९९,८९२ |

६५ **सशर्तको बजेट पुन प्रयोग**

पालिकामा जिल्ला अस्पताल उत्तरी गेट हुँदै बागखोर सडक स्तर उन्नती कार्यलाई जम्मा रु.२५,००,०००।० बजेट प्राप्त भएकोमा ठेक्का व्यवस्था वापत रु.१८,५७,६८१।० खर्चभई बाँकी रहेको रु.६,४२,३१९।० को पुन कोटेशनमार्फत भौचर नं. ५८-०८१।३।२३ बाट जय दुर्गा एस.एम कन्ष्ट्रक्सन लाई रु.४,९२,३४१।० भुक्तानी भएको पाइयो।

६६ **भेरिएसन आदेश**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद संझौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिने परिस्थिती सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भइ ऐनको दफा ५४ बमोजिम सार्वजिनक निकायले भेरिएसन आदेश जारि गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रकृया पुरा गरी जारी गर्नु पर्नेछ। ढङ्गुखोला मोहोरा सिंचाई तथा गडा सुधार रु.१६९६३७६।लागत अनुमान भएको निर्माण कार्य रु.२,५६,३७६। उपभोक्ता समितिको श्रमदान हुने गरि संझौता भएको पाइयो। उपभोक्ता समितिलाई भौ. ५५-०८१।३।२३ बाट बाट उपभोक्ता समितिलाई रु.५,१५,९६२। भुक्तानी हुँला लागत अनुमानमा समावेश नभएको Fitting charge रु.१०,०००। र Dry wall निर्माण कार्य रु.६,३२५ गरी रु.१६,३२५। नयाँ आइटम थप गरेकोमा भेरिएसन आदेश जारि नगरेकोले भेरिएसन आदेश जारि गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,३२५ |

६७ **मूल्य अभिवद्धि कर भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिले गरेको खर्चको स्रेस्ता, विलभरपाई स्थानीय निकायले जाँचगरी प्रतिवेदन लिने व्यवस्था छ। निम्नानुसारका योजनाहरुमा उपभोक्ताले गरेको कार्यमा उपभोक्ताले पेश गरेको विलको मूल्य अभिबृद्धि कर भन्दा बढी कर रु.१३,४६९।० भुक्तानी भएकोले सम्बन्धितसँग असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| क्र सं | कार्यक्रम | कामको विवरण | भुक्तानी रकम | मु.अ.कर भुक्तानी | हुनु पर्ने मु.अ.कर भुक्तानी | बढी भुक्तानी मु.अ.कर श्रमदान पछि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | | सिमेन्ट खरिद | 9,49,882 | 19,500 | 17,257 | 2,243 | कर विजक कमको पेस |
| | | डण्डी | | 5,572 | 3,495 | 2,077 | |
| 2 | पिङ्गडाँडा बाट खालडाँडा सम्म गोरेटोबाटो निर्माण | सीमेन्ट | 13,34,912 | 11,310 | 10,173 | 1,137 | |
| 3 | नारायण आधारभूत विद्यालय घेराबारा तथा फील्ड निर्माण | सिमेन्ट | 14,25,000 | 21,450 | 18,983 | 2,467 | |
| 4 | डौडेबारी दमाईधारा खानेपानी मर्मत उ.स | सिमेन्ट | 9,55,715 | 22,360 | 16,815 | 5,545 | |
| | जम्मा | | | | | 13,469 | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,४६९ |

### ६८ वडा नं.१० कार्यालय भवन तला थप

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना, परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट कार्य गराउन वा सेवा लिन सक्ने साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ (क) मा सार्वजनिक निकायको प्रमुखले कुनै निर्माण कार्य गर्नु अघि स्पेशिफिकेशन योजना नक्सा डिजाईन विषेश आवश्यक्ता वा अन्य विवरण तयार पार्नुपर्ने व्यवस्था छ। तर पालिकाले सेवा खरिद गर्न स्पेशिफिकेशन योजना नक्सा डिजाईन विषेश आवश्यक्ता वा अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था छ। विगत वर्षमा वडा कार्यालयको भुई तला निर्माण गराएकोमा पुन यस वर्ष तला थप गर्न निर्माण व्यवसायी न्यू कालीका निर्माण सेवासँग रु.१७,०७,९२६।० मा संझौता गरी रु.१६,७२,६६४। भुक्तानी दिएको छ । साथै उक्त वडा कार्यलयको सोहि भवनको लागि यस वर्ष फिनिसिङको कार्य तथा कम्पाउण्डमा ग्याविन जाली लगाउने कार्य उपभोक्ता समितिबाट गराइ रु.१६,२६,१३४।० भुक्तानी गरेको छ। कानूनमा व्यवस्था गरेबमोजिम डिजाइन नक्सा तथा स्पेशिफिकेशन तयार नगरेको, परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना तथा हस्तान्तरण गर्ने नभएको साथै उक्त योजनामा वजेटसमेत विनियोजन नभएको अवस्थामा नगरस्तरीय साझेदारी १ देखी ११ वडार सम्पूर्ण आयोजनासँग साझेदारी शीर्षकबाट उपभोक्ता समितिलाई कार्य गराइ भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १६,२६,१३४ |

### ६९ घट्टेखोला सेरा ट्रसपुल निर्माण

लागत अनुमान रु.१३,७०,८८९.८९ भएको झोलुङ्गे पुल निर्माण कार्य घट्टेखोला सेरा ट्रसपुल झोलुङ्गे पुल निर्माण उपभोक्ता समितिसँगसंझौता भएको थियो। संझौतामा नगरपालिकाको सहभागिता हुने उल्लेख गरे अनुसार रु.१३,५३,९६३।९० को काम गरेकोमा लागत सहभागिता रु.६६,७३०.९४ घटाई आएको रु.१२,८३,४६३।० मा पालिकाले रु.४,२७,२०१। व्यहोर्नु पर्नेमा सम्पुर्ण रकम रु.१२,८३,४६३। सशर्तको बजेटबाट खर्च गरेको पाइएकाले बेरुजु खाता दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,२७,२०१ |

### ७० बेरितको कर विजक

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजम मूल्य अभिवृद्धि करमा दर्ताभएका फर्मसँग तोकएको ढाँचाको कर बिजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले रित पूर्वकको कर बिजक बेगर देहायका सप्लायर्स तथा परामर्शदाताबाट सेवा खरिद गरेको छ।

तसर्थ उक्त सप्लायर्स तथा निर्माणव्यवसायीले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मूल्यअभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

| निर्माण सेवा | विजक नं. | रकम | मूल्य अभिवृद्धि कर | कैफियत |
|---|---|---|---|---|
| विलासपुर निर्माण सेवा | १-२०८०।७।२२ | १३,२२,००० | १,७१,८६० | विजक हातले लेखेको |
| विलासपुर निर्माण सेवा | २०८०।११।८ | १४,४४,५०० | १,८७,७८५ | विजक नं. उल्लेख नभएको |
| निर्भृति निर्माण सेवा | ०५-२०८१।२।७ | १०,८१,८०० | १,४०,६३४ | विजक हातले लेखेको |
| निर्भृति निर्माण सेवा | ०८-२०८१।३।१७ | १३,८१,३०० | १,७९,५६९ | विजक हातले लेखेको |
| रामचन्द्र निर्माण सेवा | २२-२०८०।९।१९ | १०,९४,५९२ | १,४२,२९७ | फोटोकपी कर विजक |
| जम्मा | | ६३,२४,१९२ | ८,२२,१४५ | |

| प्रमाण पेश नगरेको | ८,२२,१४५ |
|---|---|

७१ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्यअभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धितआन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट देहायका फर्मलाई मूल्य अभिवृद्धि करसमेत रु.५६,६९,४७९।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु करविवरण नबुझाई नन् फाईलर रहेको पाइयो । उक्त कारोबारको कर समायोजन भएकोप्रमाण पेश हुनुपर्ने रु.

| भौचर नं. | निर्माण व्यवसायी | विजक नं. | भुक्तानी रकम | मूल्य अभिवृद्धि कर रकम | ७० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| ८९-२०८०।१२।२० | रोहित कन्स्ट्रक्सन | ७- मिति उल्लेख नभएको | २०,६९,३६९ | २,३८,०६९ | १,६६,६४८ |
| १३०-२०८१।३।५ | रोहित कन्स्ट्रक्सन | १०-२०८१।३।१ | १८,७३,८७९ | २,१५,५७९ | १,५०,९०५ |
| १५६-२०८१।३।२३ | रोहित कन्स्ट्रक्सन | ११-२०८१।३।२१ | १७,२६,२३१ | १,९२,०३६ | १,३४,४२५ |
| जम्मा | | | ५६,६९,४७९ | ६,४५,६८४ | ५,१५,९२२ |

| प्रमाण पेश नगरेको | ५,१५,९२२ |
|---|---|

७२ **कार्यक्रम बेगर खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमा भित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले चल्लीडाँडा फिल्ड व्याक कटिङ कार्य गरी रु.९,२६,६००।० खर्च गरेको छ। गत आर्थिक वर्षको भुक्तानी बाँकी रकम भुक्तानी गरेको उल्लेख गरे पनि आर्थिक वर्ष २०७९।८० मा उक्त योजना बजेटमा समावेश भएको छैन । बजेटमा नै समावेश नगरेको योजनामा पालिकाले वर्षान्तमा अर्थात मिति २०८०।३।२२ मा निर्माण व्यवसायी रोहित कन्स्ट्रक्सनसँग सम्झौता गरी यस वर्ष भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ९,२६,६०० |
|---|---|

७३ **वितरणमुखी खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रम शिर्षकबाट ११३ थान ब्ल्याङकेट, १६० वाटर हिटिङ वोटल, २० थान पछ्यौरा लगायत सामान खरिद गरी रु.२,३९,८८३ भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी

कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ।साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

७४ **भ्रमण खर्च:**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु २७ लाख १२ हजार खर्च गरेको छ । कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित कर्मचारीहरुलाई खर्च भुक्तानी गर्ने गरेको ।

• भ्रमण आदेशहरु दर्ता हुने गरेको देखिएन ।

• सात दिनभन्दा बढी अवधिको भ्रमणमा स्पष्ट कारण नखुलाई र म्याद थपसमेत नगरी भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर कर्मचारी पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानी दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

७५ **नगरभित्र भ्रमण :** (६८२-२०८१-३-२१):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **१५,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रू **११,४७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **४,७२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१०,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **२,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **२,९२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **३,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **८,१६०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **२,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७६ **भाडामा दिएको/लिएको सम्पत्ति अभिलेख किताब:**

भाडामा प्रयोग भएका सामानहरुको आय व्ययको नियण्त्रण र अभिलेख राख्न मलेप फारम नं ४१६ को ढाँचामा अभिलेख किताब राख्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि घर भाडा तथा गाडी भाडा बापत रु १४ लाख ४ हजार खर्च गरेको छ। पालिकाले सम्पत्ति अभिलेख किताब नराखेकोले भाडामा भएको खर्च रकम नियण्त्रण भएको देखिएन। साथै कार्यालयले स्पष्ट प्रयोजन खुलाएर भाडा सम्झौता गरी स्वीकृत मलेप फारम प्रयोग गरी भाडामा लिएको खर्चको नियण्त्रण तथा अभिलेख राख्नुपर्दछ।

७७ **स्तरवृद्धि:**

नेपालको संविधान २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ ।स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था गरी दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीयतहले बनाएको कानून बमोजम हुने व्यवस्था छ ।संविधानको व्यवस्था बमोजिम नगरपालिकाका कर्मचारी सम्बन्धी प्रदेश कानून हाल निर्माण भई लागु भएको छैन ।प्रदेश कानून नै स्वीकृत नभएको अवस्थामा नारायण नगरपालिकाले कर्मचारी सेवा ऐन, २०७८ व्यवस्था गरी पालिकामा स्थायी पदमा कार्यरत कर्मचारीको हकमा संघीय सरकारले गरेको संगठनिक संरचना बमोजिम कायम गर्न क्रमश: सहायकस्तर पाँचौलाई अधिकृतस्तर छैठौ र अधिकृतस्तर छैठौलाई सातौ तहमा स्तरवृद्धि गरी १७ जनालाई रु.१३,५२,७२८ थप भुक्तानी गरेको छ ।

| **स्तर वृद्धि भएको तह** | **निर्णय मिति** | **कर्मचारी संख्या** |
|---|---|---|
| अधिकृतस्तर छैठौबाट अधिकृतस्तर सातौ | २०७९।११।१ | २ जना |
| अधिकृतस्तर छैठौबाट अधिकृतस्तर सातौ | २०८१।१।३० | ३ जना |
| सहायकस्तर पाँचौबाट अधिकृतस्तर छैठौ | २०८१।१।३० | १० जना |
| सहायकस्तर चौथोबाट पाँचौ | २०८१।१।३० | २ जना |

७८ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षणका लागि गोश्वारा भौचर नं ६३-२०८०।१०।०५ बाट शिक्षा अधिकृत श्री पूर्ण प्रसाद उपाध्यायको पेश्कि रकम रु १,१०,८०० फस्छ्यौट गरेको छ। तर पेश्कि फस्छयौटका लागि रु १,०७,५७५ को मात्र बिल भर्रपाई पेश गरेकोले निजबाट रु ३,२२५ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२२५ |

७९ **प्रशिक्षक भत्ता**

कार्य सञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७.१.१५ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका श्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक नगरपालिकास्तरको सहायकस्तर/अन्य तालिममा कार्यपत्र बापत रु. ८०० र कक्षा सञ्चालन बापत रु. ७०० तथा सीप विकास तालिममा ३० दिनसम्मको आवधिक व्यवस्थामा प्रतिदिन रु.७०० खर्च लेख्न सकिने र सम्बन्धित

कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ ।तर नमुना परीक्षणका रुप पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले देहाय बमोजिम तालिम/ कार्यक्रममा बढी खर्च लेखेको पाइयो ।तसर्थ खर्चको मापदण्डभन्दा बढी खर्च गरेकोले रु.२८,२५०। सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| भौचर नं | भुक्तानी लिनेको नाम | प्रयोजन | सेसन/ दिन | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी (कर कट्टीपछिको) |
|---|---|---|---|---|---|---|
| २००-०८१।२। २९ | जुद्ध बहादुर कामी | चोयाबास हस्तकला सीप | २० | २६,००० | १४,००० | १०,२०० |
| २३४-०८१।३। १७ | पदम बहादुर वि.क | आरन सीप विकास तालिम | १० | २०,००० | ७,००० | ११,०५० |
| २५३-०८१।३। २० | लछुमन खड्गी | चोयाबास हस्तकला सीप | १० | १८,००० | ७,००० | ९,३५० |
| जम्मा | | | | ६४,००० | २८,००० | २८,२५० |

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१४** को निर्णयले रु **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,२५० |

८० **टुक्रा पारी सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ। त्यसैगरी नियमावली, २०६४ को नियम ८५(४) अनुसार रु.१ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रु. ३७,२८,२१३। खर्च गरेको छ। उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको केही उदाहरण निम्नानुसार रहेको छ। एउटै प्रकृतिको धेरै मसलन्द तथा कार्यालय सामग्री खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ ।

| भौचर नम्बर / मिति | फर्मको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १०५।०८०।६।७ | के.सी. अर्डर सप्लायर्य | मसलन्द तथा कार्यालय सामग्री | ७,३४,८३७ |
| २८३।०८०।९।१९ | एस.पी. अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | ७,६४,५५८ |
| ४२८।०८०।१२।८ | के.एल. इन्टरप्राइजेज एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | २,०९,०२० |
| | श्रेष्ठ ट्रेडिङ्ग कन्सर्न एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | १,१४,०९४ |
| | श्रेष्ठ भाडा पसल एण्ड सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | २,५०,१०१ |
| ५७०।०८१।२।२३ | सरस्वती इन्टरप्राइजेज एण्ड जनरल अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | ३,२०,६०२ |
| ५७१।०८१।२।२३ | भवानी छापाखाना | मसलन्द तथा कार्यालय सामग्री | २,६२,७२५ |
| ६०१।०८१।३।४ | खुशी ट्रेडर्स एण्ड अर्डर सप्लायर्स | मसलन्द तथा कार्यालय सामग्री | ९,२२,५५१ |
| ६७१।०८१।३।२० | के.सी. अर्डर सप्लायर्य | मसलन्द तथा कार्यालय सामग्री | १,४९,७२५ |
| जम्मा | | | ३७,२८,२१३ |

८१ **अन्य कार्यालयको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष विभिन्न कार्यालयको कार्यालय व्यवस्थापन खर्चका लागि रु.४,२९,२००।०० भुक्तानी गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन।पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्ययभार पर्ने भएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| **क्र सं** | **कार्यालय वा संस्थाको नाम** | **कामको प्रकृति** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ५१३।०८१।०१।३१ | नारायण बहुमुखी क्याम्पस | बोटविरुवा एवं तारजालि खरिद र खाजाघर रंगरोगन | २,५०,००० |
| ५४९।०८१।२।३ | | | ४०,००० |
| ५८५।०८१।०२।३१ | महिला संजाल विन्यावासिनी | भवन मर्मत | १,३९,२०० |
| जम्मा | | | ४,२९,२०० |

८२ **खर्च पुष्टयाईको प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको रकम भुक्तानी गरेकोमा वितरण भरपाई पेश भएको नदेखिएकोले नियमावलीमा भएको व्यवस्था अनुसार रु.५,६१,९१९। बराबरको वितरण भरपाई पेश गर्नुपर्ने रु.

| गो.भौ.नं।मिति | भुक्तानी लिनेको नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| २२०।०८०।७।२४ | श्रेष्ठ अफसेट प्रेस एण्ड अर्डर सप्लायर्स | नारायण बहुमुखि क्याम्पसलाई ६० थान जर्सि वितरण | ७७,९७० | वितरण भरपाई नभएको |
| ४२२।०८०।१२।८ | मान बहादुर विष्ट | खेलकुद सामाग्रि गेमसेट १२ थान र जर्सि १० थान | ४०,००० | |
| ५९७।०८१।३।२ | श्री श्याम कपडा पसल | विद्यार्थिका लागि कपडा डाइड सटिङ २६० मि र डाइड सुटिङ ३३५ मि | १,०७,९९७ | विद्यालयलाई वितरण गरेको भरपाई |
| ६४५।०८१।३।१९ | के.सि. अर्डर सप्लायर्स | विपद व्यवस्थापनका लागि ९१ थान त्रिपाल खरिद | १,७९,९५२ | |
| ६५८।०८१।३।२० | कल्पना फेन्सी स्टोर्स | विपद व्यवस्थापनका लागि ७२ थान त्रिपाल खरिद | १,५६,००० | वितरण भरपाई नभएको |
| **जम्मा** | | | | **५,६१,९१९** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **२९१,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६१,९१९ |

८३ **एकल पुरुष र महिला भत्ताः**

पालिकाको असहाय एकल महिला तथा पुरुषलाई सामाजिक सुरक्षा वापत भत्ता वितरण कार्यविधि, २०७९ मा ५५ वर्ष माथिका असहाय एकल पुरुष तथा ५० वर्ष माथिका असहाय एकल महिलालाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था गरेको छ । पालिकाले ११ वडाका सम्बन्धित सबैलाई एकल महिला तथा पुरुष भत्ता वितरण गरेको देखिन्छ । पालिकाको आन्तरिक आय न्यून रहेको अवस्थामा यस्तो किसिमको वितरणमुखी कार्य दीर्घकालिन रुपमा पालिकाको लागि प्रतिफलयुक्त हुने देखिँदैन। आन्तरिक आय न्यून रहेको तथा थप आयसमेत सिर्जना नहुने कार्यमा एकल महिला तथा पुरुष भत्तामा पालिकाले यस वर्ष रु.८ लाख खर्च गरेकोले आर्थिक भार सिर्जना भएको छ । यस्तो प्रकारको वितरणमूखी खर्चमा नियन्त्रण हुनु पर्दछ।

८४ **नन्-फाइलरः**

मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानी गरेको फर्मको स्थायी लेखा नम्बरलाई आन्तरिक राजश्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा NON-FILLER रहेको पाइयो । यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अवधीसम्म VAT Non-Filler रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मू.अ.कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको यकिन हुन सकेन । यसरी भुक्तानी भएको कर चुक्ता र मू.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| सि.नं. | गो.भौ./मिति | निर्माण ब्यबसी/सप्लाईकर्ता फर्म | बापत | बिजक नं./मिति | भ्याट बाहेक भुक्तानी | मू.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ४०५- ०८०।१२।७ | खुशी ट्रेडर्स एण्ड सप्लायर्स(६१४१९९२८०) | मसलन्द तथा कार्यालय सामाग्री | १४र१५। ०८०।१०।२ | २,२१,००० | २८,७३० | NON-FILLER since 2080/T/3 |
| २ | ५७०- ०८१।२।२३ | सरस्वती इण्टरप्राइजेज एण्ड जनरल अर्डर सप्लायर्स(३००३८३६१२) | | ३३र३४। २०८१।२।६ | २,८३,७२० | ३६,८८३ | |
| ३ | ६०१- ०८१।३।४ | खुशी ट्रेडर्स एण्ड सप्लायर्स(६१४१९९२८०) | | ४५र४६। २०८१।२।२१ | ८,२७,४०० | १,०७,५६२ | |
| ४ | ७४१- ०८१।३।२४ | बविना इन्फोटेक सप्लायर्स(६०१६९९२८३) | | ३४र३६। २०८१।२।२८ | १,७०,१७५ | २२,१२३ | NON-FILLER since 2080/T/3 |
| ५ | ८९-२०८०।१२।२० | रोहित कन्स्ट्रक्सन (६०१९४६६२२) | | ७- मिति उल्लेख नभएको | १८,३१,३०० | २,३८,०६९ | NON-FILER SINCE 2080/M/11 |
| ६ | १३०-२०८१।३।५ | रोहित कन्स्ट्रक्सन (६०१९४६६२२) | | १०-२०८१।३।१ | १६,५८,३०० | २,१५,५७९ | |
| ७ | १५६-२०८१।३।२३ | रोहित कन्स्ट्रक्सन (६०१९४६६२२) | | ११-२०८१।३।२१ | १४,७७,२०० | १,९२,०३६ | |
| ८ | 67-081/3/24 | आर्.एन् कन्स्ट्रक्सन(३००५९५६१७) | | | १४,७४,००० | १,९१,६२० | NON-FILLER since 2080/T/3 |
| **जम्मा** | | | | | **७९,४३,०९५** | **१०,३२,६०२** | |
| | | | | | | प्रमाण पेश नगरेको | १०,३२,६२९ |

८५ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले पालिका र ससर्त बजेट उप शिर्षकबाट विभिन्न फर्मसँग रु.३६,८६,७९५।को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

८६ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ४ बर्थिङ सेन्टरमा गत वर्ष को मौज्दात ५३ थान न्यानो झोला रहेकोमा यस वर्ष २०० थान

रु.१७९८९६।मा खरिद गरेको पाइए पनि यस वर्ष १३८ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका ११५ थान न्यानो झोला मौज्दातमा रहेका छन्। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

८७ **निःशुल्क उपचार सहायता**

निःशुल्क उपचार सहायताः जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ ।नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ। नेपाल सरकारले यस्ता कार्यको लागी बजेट व्यवस्था गरेको देखिन्छ । सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाले २८ जनाको लागि रु.१४,३५,०००। खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी सहायता प्राप्त गर्ने व्यक्तीको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

| क्रम | उपचारको किसिम | व्यक्ती संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | क्यान्सर | 18 | 8,95,000 |
| २ | मृगौला डाइलासिस | 8 | 4,20,000 |
| ३ | मेरुदण्ड पक्षघात | 2 | 1,20,000 |
| | **जम्मा** | | 14,35,000 |

८८ **विद्यालयको अनुगमन नियमन व्यवस्था**

स्थानीय रकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्वन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्वन्धी मापदण्ड तयार गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने र विद्यालयहरुले सञ्चालन गरेको शैक्षिक कार्यकलापको वस्तुनिष्ठ अवस्थाको एकिन गर्न नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने र विद्यालयको कार्यसम्पादनका आधारमा कार्यक्रम वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

८९ **विद्यालयगत निकासा खाता**

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन । यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन । अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ ।

९० **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम रहेको छ ।

| | विद्यालयको नाम र ठेगाना | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री त्रिभुवन माध्यमिक विद्यालय, दैलेख बजार | २८ | १२०४ | १:४३ |
| २ | श्री महेन्द्र माध्यमिक विद्यालय, सोत | १८ | ५९९ | १:३३ |
| ३ | श्री सरस्वती माध्यमिक विद्यालय, तर्तांग | १३ | ४३३ | १:३३ |
| ४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, कालिमाटी | ११ | २७४ | १:२५ |
| ५ | श्री बसन्त माध्यमिक विद्यालय, किमुगाउँ | १६ | ४०७ | १:२५ |
| ६ | श्री रेडक्रस माध्यमिक विद्यालय, भुर्ति | १० | ३४३ | १:३४ |
| ७ | श्री रैनादेवि माध्यमिक विद्यालय, टाटामाखु | १३ | ३७७ | १:२९ |
| ८ | श्री हिमालय माध्यमिक विद्यालय, भवानी | ७ | २३७ | १:३४ |
| ९ | श्री जनता माध्यमिक विद्यालय, नयाँबजार | ९ | ३०३ | १:३४ |
| १० | श्री दिपशिशु आधारभुत विद्यालय, सिमाडा | ५ | ६५ | १:१३ |
| ११ | श्री जनजागृत आधारभुत विद्यालय, प्युसे | ५ | १८० | १:३६ |
| १२ | श्री पंञ्चदेवल आधारभुत विद्यालय, भुर्ति | ५ | १२७ | १:२५ |
| १३ | श्री देवती आधारभुत विद्यालय, धुलपुर | १ | २० | १:२० |
| १४ | श्री डाफे आधारभुत विद्यालय, दशरथे | १ | ३७ | १:३७ |
| १५ | श्री जानकि आधारभुत विद्यालय, देवलकाडा | ४ | १२४ | १:३१ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:४३ देखि न्युनतम १:१३ सम्म रहेको देखिन्छ । IEMIS विवरण अनुसार पालिकाको ३९ सामुदायिक विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:२९ रहेको देखिन्छ । पालिकाले IEMIS अनुसारको विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन, तल्लो कक्षामा घट्ुवा एंव शिक्षक दरबन्दी मिलान तर्फ विशेष ध्यान दिनुपर्दछ ।

### ९१ स्रोतकक्षा सञ्चालन

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१० को उपक्रियाकलाप नं ५.१ मा स्रोतकक्षा व्यवस्थापन अनुदान प्रति कक्षा वार्षिक रु २,२५,००० रकम भुक्तानी दिने र सोबाट तोकिएको कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले श्री रेडक्रस माध्यमिक विद्यालयलाई रु.२,२५,००० भुक्तानी दिएको छ । विद्यालयले खर्चको बिल भरपाई संलग्न गर्दा सामाजिक सुरक्षा कर रु. २,०१० दाखिला गरेको प्रमाण पेस नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०१० |

### ९२ दिवा खाजा

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१.११ मा शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS मा प्रविष्टी भएको प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु १५ दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानिय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको दिनको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट प्रमाणित विद्यार्थीको सङ्ख्यात्मक विवरणको आधारमा स्थानिय तहले विद्यार्थी सङ्ख्या एकिन गरी दिवा खाजा मापदण्ड बमोजिम खाजा उपलब्ध गराए नगराएको अनुगमन गरी थप अनुदान दिनुपर्ने व्यवस्था छ। पालिकाले आ.व २०८०।०८१ मा दिवा खाजाका लागि रु. ६४,२४,२०५ ३९ विद्यालयलाई भुक्तानी दिएको छ । तर विद्यालयहरुले दिवा खाजाको रु. ६०,९९,५८०

को मात्र बिल तथा भरपाई पेस गरेकोले पालिकाले यकिन गरी बढी भुक्तानी भएको रु.३,२४,६२५ सम्बन्धित विद्यालयहरुबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,२४,६२५ |
|---|---|

९३ **इन्टरनेट जडान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्न सबै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनका लागि प्रति विद्यालय रु १२,००० दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले सो कार्यको अनुगमन गर्ने र IEMIS मा अनिवार्य रुपमा अध्यावधिक गर्ने गर्नुपर्दछ। पालिकाले पालिकाभित्रका २८ वटा सामुदायिक विद्यालयहरुलाई इन्टरनेट जडानका लागि गोश्वारा भौचर नं ५८-२०८०।०९।१८ बाट रु.३,३६,०००। भुक्तानी दिएकोमा २५ विद्यालयले इन्टरनेटको विल भरपाई पेश गरेको छ तर विद्यालयहरुले इन्टरनेट जडान गरेको विवरण IEMIS मा अध्यावधिक गरेको पाइएन। तसर्थ पालिकाले यसको अनुगमन गरी IEMIS अध्यावधिक गर्न लगाउने र निम्न विद्यालयहरुले ईन्टरनेटको खर्चको विलभरपाइ पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

| **क्र स** | **विद्यालयको नाम र ठेगाना** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | श्री रैनादेवी आधारभुत विद्यालय, काडा | १२,००० | |
| २ | श्री भैरब आधारभुत विद्यालय, बिजौरा | १२,००० | |
| ३ | श्री बडाभैरब आधारभुत विद्यालय, जुफिया | १२,००० | |
| **जम्मा** | | **३६०००** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ३६,००० |
|---|---|

९४ **नमुना विद्यालयलाई अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.१३.१३ को उपक्रियाकलाप नं. ९.७ र ९.८ मा भएको व्यवस्था तथा नमुना विद्यालय विकास एवम सञ्चालन निर्देशिका,२०७४ (संसोधनसहित) बमोजिम कार्यसम्पादन करारका आधारमा प्रधानाध्यापक र शिक्षकका लागि कार्यसम्पादन सम्झौता बमोजिम विद्यालय व्यवस्थापन समितिको सिफfरिसमा प्रोत्साहन अनुदान उपलब्ध गराउने र नमुना विद्यालयले शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि विद्यालयले पेस गरेको गुरुयोजना बमोजिम IEMIS मा प्रविष्ट भएको विद्यार्थी सङ्ख्याका आधारमा अनुदान दिने र सम्झौताबमोजिम कार्य प्रगितको निरन्तर अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सोहि बमोजिमका कार्यहरु सम्पन्न गर्ने गरी श्री त्रिभुवन नमुना माध्यमिक विद्यालयलाई गोश्वारा भौचर नं २४-२०८०/०६/२९, ६१-२०८०/०९/२६, १३३-२०८०/१२/१६ र २२५-२०८१/०३/१३ बाट रु ४६,००,००० भुक्तानी दिएको छ । विद्यालयले विद्यालयको गुरुयोजना, वार्षिक योजना र नमुना विद्यालय व्यवस्थापन निर्देशिका वमोजिम शैक्षिक गुणस्तर सुधार हुने व्यवस्थापकिय कार्यहरु योजना अनुरुप भए नभएको पालिकाले अनुगमन र मुल्याङ्कन गरी योजनाको पुर्ण पालना गराउनेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

९५ **शिक्षकको तलब वढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१५,५७७.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **७,२४०.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१५,५७७.४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९६ **विज्ञान प्रयोगशाला**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१३ को ९.६ मा जीव, भौतिक र रसायन विज्ञान विषय अध्यापन गर्न सामुदायिक विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना तथा व्यवस्थापन गर्न एकमुष्ठ रु ६,५०,००० अनुदान दिने व्यवस्था छ। पालिकाले नगर शिक्षा समितिको निर्णय वमोजिम श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयलाई विज्ञान प्रयोगशाला सामग्री खरिद तथा ल्याब व्यवस्थापनका लागि छनौट गरी गोश्वारा भौचर नं २३६-२०८१।०३।१७ बाट रु. ८,६९८ अग्रिम कर कट्टी गरी रु. ६,४१,३०२ भुक्तानी दिएको छ तर विद्यालयले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ वमोजिम सोझै खरिद (कोटेशन) विधिबाट मल्टिविजनेस हव प्रा.ली, सुर्खेतलाई कोटेशनको रु ५,५५,५०९.६० र कोटेशन बाहेकको रु. ८५,७९२.४० गरी विज्ञान प्रयोगशालाको सामग्री खरिदको एकमुष्ठ रु. ६,४१,३०२ भुक्तानी दिएको छ । पालिकाले खरिद प्रकिया र विद्यालयमा खरिद गरी ल्याएको प्रयोगशाला व्यवस्थापनका सामग्रीहरुको अनुगमन गरी भुक्तानी दिनेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

९७ **स्यानिटरी प्याड**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) मा कुनै पनि सामान खरिद गर्दा खरिद आवश्यकताको पहिचान, विवरण, परिमाण र क्षेत्र यकिन गर्नुपर्ने, खरिद योजना तयार, खरिद लागत अनुमान तथा खरिद विधिको छनौट गरी खरिद गर्नुपर्ने र कार्यक्रम कार्यन्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत छात्रा विद्यार्थीको सङ्ख्या यकिन गरी मापदण्ड बमोजिम वार्षिक १० महिनाको लागि नि:शुल्क स्यानीटरी प्याडको व्यवस्थापन र त्यसको अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक विद्यालयका १८७६ छात्रा विद्यार्थीका लागि ४७,६०० थान स्यानीटरी प्याड मु.अ.कर सहित रु.२०,६७,८४४ को लागत अनुमान तयार गरी गोश्वारा भौचर नं १७९-२०८१।०२।०७ बाट बोलपत्र विधिबाट बिशाल साईन्स एण्ड सर्जिकललाई प्रति स्यानीटरी प्याड रु. २२.३७ (मूल्य अभिवृद्धि करसहित) का दरले रु. १०,६५,००२.४० भुक्तानी दिएको छ । तर विद्यालयहरुलाई ३५,११२ स्यानीटरी प्याडमात्र वितरण गरेको भरपाई पेश गरेकोले बाकि रहेको १२,४८० थान स्यानीटरी प्याडको रु. २,७९,४०६.१२ वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७९,४०६.१२ |

९८ **शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **७५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९९ **सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **६,३९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

१०० **स्यानीटरी प्याड डिस्पोजल मेसिन**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१०** को निर्णयले रू **१६६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

१०१ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नयमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खॅच २ प्रतशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ बैठक भत्तामा रु.५,८५,०००।०, तलव तथा प्राविधिक फिल्ड भत्ता रु.११,९३,७१७।०, मेसिनरी औजारमा रु.४,९७,३६२।०, सर्भे डिजाइन तथा दैनिक भ्रमण भत्तामा रु.४,१०,२३६।० गरि जम्मा रु.२७,१३,४२२।०, खर्च गरेको पाइयो ।सार्वजनिक खरिदमा कन्टिजेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुटयाई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

१०२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकामा रहेका ११ वडामा ११ योजना सञ्चालन गरी यस वर्ष ९१ जनालाई औसत १०० दिनले रु.९,१०० दिन रोजगारी उपलव्ध गराई रु.५९,९५,९८९। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। मुख्यमन्त्री रोजनगार कार्यक्रममा २८३ जनालाई ५० दिन रोजगारिको लागि रु.८६,७२.०००।बजेट भएकोमा रु.८०,१५,७२२.४२ खर्च गरी स्थानियलाई रोजगारी प्रदान गरेको पाइयो।

१०३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले बैङ्कमार्फत रु.११,४६,४४,७९७.६२ सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : नारायण नगरपालिका, दैलेख , नारायण नगरपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपक कुमार आचार्य | २०८०-९-५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भक्त बहादुर मल्ल | २०७८-९-१८ | २०८०-८-१५ |
| कार्यालय प्रमुख | Bom Bahadur K.c | २०८०-८-१६ | २०८०-९-४ |
| लेखा प्रमुख | चिरन्जीवी उपाध्याय | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९१९,६०५ | १३,७५०,१७८ | २३,९८६,५८६.९३ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ३८,६५६,३६९.९३ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १९,६०५,९७५.८१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १९,०५०,३९४.१२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३३४९६४८५.९४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४८९८१०४९७.८२ | चालु खर्च | ५२५२०५२८४.३४ |
| प्रदेश सरकारबाट अनुदान | ४९२५८८५९.७९ | पूँजीगत खर्च | ११३४८६०८७.७९ |
| राजश्व बाँडफाँट | ८३९२५४९९.५३ | वित्तीय/अन्य व्यवस्था | २१२९२४७९.४२ |
| आन्तरिक आय | १२६०२०८६.५४ | | |
| अन्य आय | २३६१७८६१.३४ | | |
| कुल आय | ६५९२१४८०५.०२ | कुल खर्च | ६५९९८३८५१.५५ |
| बाँकी मौज्दात | | ३२७२७४३९.४१ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहबाट प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- पुर्वाधार निर्माण आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरी जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।